प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

(अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा)

पत्र संख्याः-०८०/८१

चलानी नम्बरः- १२६०

मितिः- २०८०/०४/३१

विषय : अस्पताल फार्मेसी संचालन सम्बन्धमा ।

**श्री सरकारी, निजी, सामुदायिक अस्पताल, प्रतिष्ठान तथा मेडिकल कलेजहरु ।**
**कोशी प्रदेश ।**

प्रस्तुत बिषयमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.न.१९ मिति २०८०।०४।१६ को परिपत्रबारे अवगत नै होला । उक्त परिपत्रमा स्वास्थ्य निति २०७६ को रणनिति ६.१०.२, जन स्वास्थ्य ऐन २०७५ को दफा २९, स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ को परिच्छेद-१५,अस्पतालहरुको न्यूनतम सेवा मापदण्डको २.५.१.४ तथा अस्पताल फार्मेसी निर्देशिका २०७२ मा अस्पताल फार्मेसी संचालन कार्यान्वियन सम्बन्धी व्यवस्था रहेको छ । हाल अस्पताल फार्मेसी निर्देशिका २०७२ कार्यान्वियनमा रहेको र उक्त निर्देशिकाको प्रस्तावना तथा दफा २० अनुरुप आफ्नै स्वामित्व रहेको अस्पताल फार्मेसी मार्फत अस्पतालमा प्रयोग हुने सम्पूर्ण औषधि तथा औषधिजन्य सामग्रीहरु २४ सै घण्टा बिरामी वा बिरामीको कुरुवाले प्राप्त गर्न सक्ने अवस्थाको सुनिश्चिता गरी अस्पताल फार्मेसी सेवा प्रदान गर्नु पर्ने रहेको साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी अस्पतालहरुको न्यूनतम सेवा मापदण्डमा समेत अस्पताल हाता भित्र अस्पताल फार्मेसी बाहेक अन्य फार्मेसी हुनुहुदैन भन्ने प्रबधान बिद्यमान छ । निति,मापदण्ड, निर्देशिकामा व्यवस्था भए अनुसारको अस्पताल फार्मेसी संचालन कार्यान्वियन गर्नुहुन तथा हालसम्म पनि आफनै स्वामित्वमा अस्पताल फार्मेसी संचालनमा नरहेका स्वास्थ्य संस्था/अस्पतालहरुले यो परिपत्र जारी भएको मितिले एक महिना भित्र आवश्यक प्रकिया पुरा गरी आफनै स्वामित्वमा अस्पताल फार्मेसी संचालन हुने ब्यवस्था मिलाई स्वास्थ्य तथा जनसंख्य मन्त्रालयको इमेल ठेगाना qsrdmohp@gmail.com मा पत्राचार गर्नु हुन र सो नभएको पाईएमा कानुन बमोजिम आवश्यक कारवाही अधी बढाईने कुरा समेत उल्लेख भएको हुदा ,उल्लेखित ब्यहोरा बमोजिमको प्रकिया कार्यान्वियन गर्नुहुन र सोको जानकारी यस स्वास्थ्य मन्त्रालय कोशी प्रदेश को इमेल ठेगाना hos.moh@p1.gov.np लाई गराउनु हुन आदेशानुसार अनुरोध छ ।

बोधार्थ :
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,रामशाहपथ काठमाण्डौं ।

ज्ञानबहादुर बस्नेत
वरिष्ठ जनस्वास्थ्य प्रशासक